सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड

चावहिल, काठमाडौं ।

मिति २०७७ साल चैत्र ५ गते बिहीबार सम्पन्न भएको
नवौं वार्षिक साधारण सभाको निर्णय (माईन्युट) विवरण

१. **प्रारम्भिक :**
सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७/११/०६ गते बसेको सञ्चालक समितिको १६५ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा तोकिए बमोजिमको कम्पनीको नवौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूको सभापतित्वमा पूर्वसूचित विषयहरुमा छलफल र निर्णय भई देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**

मिति	:	२०७७ चैत्र ५ गते बिहीबार
समय	:	बिहान ११:०० बजे
स्थान	:	बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं ।

३. **सभाको सूचना :**
कम्पनी ऐन, २०६३ को दफा-६७ (२) बमोजिम लघुवित्त वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको विवरण खुलाई पहिलो पटक मिति २०७७/११/७ गते आर्थिक राष्ट्रिय दैनिक र दोश्रो पटक मिति २०७७/११/१५ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सूचना प्रकाशित गरिएको थियो ।

४. **उपस्थिति :**
कम्पनीको नवौं वार्षिक साधारण सभामा सेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, बैकिङ्ग विज्ञहरु तथा व्यवस्थापकीय कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

(क) सञ्चालकहरुको उपस्थिति :

नाम	पद	प्रतिनिधित्व
१. श्री सचिन जङ्ग रायमाझी	अध्यक्ष	प्रतिनिधि - सिभिल बैंक लि.
२. श्री सचिन नेवा	सञ्चालक	प्रतिनिधि - सिभिल बैंक लि.
३. श्री आँचल ढकाल	सञ्चालक	प्रतिनिधि - सिभिल बैंक लि.
४. श्री हेम लाल भट्टराई	सञ्चालक	सर्वसाधारण समूह
५. श्री कृष्णप्रसाद अधिकारी	सञ्चालक	सर्वसाधारण समूह
६. श्री शक्ति बल्लव श्रेष्ठ	सञ्चालक	स्वतन्त्र

(ख) वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति :

१. श्री विनोद आचार्य	प्रमुख कार्यकारी अधिकृत
२. श्री देवकर कार्की	बरिष्ठ प्रबन्धक/कम्पनी सचिव
३. श्री सुमन कुमार दाहाल	सहायक प्रबन्धक
४. श्री सुवासमणी बस्ताकोटी	सहायक प्रबन्धक
५. श्री भवानी धिताल	वरिष्ठ अधिकृत
६. श्री कुशल पौडेल	अधिकृत
७. श्री बरुण श्रेष्ठ	का.मु. अधिकृत

(ग) सेयरधनीहरुको उपस्थिति :

१. स्वयम् उपस्थिति - ३९
२. प्रतिनिधि मार्फत उपस्थिति - ०
३. जम्मा उपस्थिति - ३९

(घ) प्रमुख अतिथि : श्री गोविन्द गुरुङ, प्रमुख कार्यकारी अधिकृत, सिभिल बैंक लिमिटेड काठमाडौं

(ङ) पर्यवेक्षकको रुपमा उपस्थिति :

१. श्री झनक राज ढुङ्गेल,	प्रमुख कार्यकारी अधिकृत, सिभिल क्यापिटल मार्केट लिमिटेड
२. श्री हिराकाजी बस्नेत,	प्रतिनिधि, सिभिल बैंक लिमिटेड
३. श्री रविन कुमार श्रेष्ठ,	वाह्य लेखापरीक्षक, आर. के. एसोसियट्स, चार्टर्ड एकाउण्टेण्टस्
४. श्री निर्देश श्रेष्ठ,	प्रतिनिधि पराक्रम शर्मा एण्ड एशोसियटस्
५. श्री विवेक घिमिरे,	अधिवक्ता, निर्वाचन अधिकृत

४.३ <u>गणपूरक संख्या</u> (कम्पनी ऐन, २०६३ को दफा-७३ बमोजिम) :

सेयर तथा सेयरधनी	जम्मा	स्वयम् उपस्थिति	प्रतिनिधि मार्फत	जम्मा उपस्थिति	कूल प्रतिनिधित्व प्रतिशतमा
सेयर संख्या	२३,३९,३३७	१२,२२,३४७	नभएको	१२,२२,३४७	५२.२५
सेयरधनी संख्या	१९,७२६	३९	नभएको	३९	०.१९७७

५. <u>सभामा प्रस्तुत छलफलका विषयहरु</u> :

(क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ. व. २०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तसम्मको वासलात, मिति २०७६/०४/०१ गते देखि २०७७ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २३ करोड ३९ लाख ३३ हजार ७ सयको ०.१८४२१ प्रतिशतले हुन आउने नगद लाभांश रकम रु. ४ लाख ३० हजार ९ सय ३० र पैसा ५० मात्र (बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०७७/७८ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री आर. के. एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस् पूनः नियुक्तिका लागि योग्य हुनु हुन्छ)
५. संस्थाको नियमावली अनुसार समूह "क" का संस्थापक सेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भएका सञ्चालकहरुको मनोनयन/नियुक्तिलाई अनुमोदन गर्ने ।
६. सर्वसाधारण सेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने ।

CL3SL
CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

(ख) विशेष प्रस्तावहरु :

१. सञ्चालक समितिबाट पारित भए बमोजिम चुक्ता पूँजी रु. २३ करोड ३९ लाख ३३ हजार ७ सयको ३.५ प्रतिशतले हुन आउने रकम रु. ८१ लाख ८७ हजार ६ सय ७९ र पैसा ५० बराबरको बोनस सेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा-६ (ख) र (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध ।

६. **सभाको कारवाही र बैधानिकता :**
सर्वप्रथम कम्पनी सचिव श्री देवकर कार्कीले यस वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्नु हुँदै साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल सेयर संख्या पचास प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेकाले सभा सञ्चालन गर्न अनुमतिका लागि संस्थाका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूलाई अनुरोध गर्नुभयो ।

७. **सभापतिज्यूको आसन ग्रहण :**
साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र वित्तीय संस्थाको नियमावली बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने प्रावधान अनुरुप यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो ।

८. **स्वागत मन्तब्य :**
वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विनोद आचार्यले वित्तीय संस्थाको वर्तमान अवस्था बारेमा प्रकाश पार्दै संस्थाको उद्देश्य तथा वार्षिक लक्ष्य प्राप्ति गर्न र आईपर्ने चुनौतिको सामना गर्न व्यवस्थापन सदैव प्रयत्नशिल रहने प्रतिवद्धता जाहेर गर्नु भएको थियो । साथै, उपस्थित सेयरधनी तथा प्रमुख अतिथि लगायत आमन्त्रित महानुभावहरुलाई वित्तीय संस्थाको तर्फबाट स्वागत गर्नुभयो ।

९. **शुभकामना मन्तव्य :**
प्रमुख अतिथिको रुपमा आमन्त्रित सिभिल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री गोविन्द गुरुङज्यूले विगत केही वर्ष यतादेखि संस्थाले आशा लाग्दो तरीकाबाट व्यवसाय विस्तार गरेकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद दिनु भयो । गाउँ बस्तीमा रहेका विपन्नवर्गका घरदैलोमा पुगेर सेवा दिई गरीबलाई धनी बनाउने पुण्य कार्यमा अहोरात्र खटिने सम्पूर्ण कर्मचारीहरु धन्यवादका पात्र हुन भन्नु हुँदै देशको गरीबी निवारणमा लघुवित्त कार्यक्रमको योगदान रहेको चर्चा गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्नु भयो ।

१०. **वार्षिक प्रतिवेदन प्रस्तुति :**
सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले आ. व. २०७६/७७ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । समितिको प्रतिवेदन प्रस्तुत गरिसकेपछि अध्यक्षज्यूले यस सम्बन्धमा आ-आफ्ना विचार, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया भएमा जानकारी गराउन हुन अनुरोध गर्नु भयो ।

CL3SL
CIVIL LAGHUKRITTA BITTIYA SANSTHA LTD

११. **छलफलमा सेयरधनीहरुबाट व्यक्त गर्नु भएको जिज्ञासा, राय तथा सुझावहरुको मुलभूत आशयहरु निम्न बमोजिम रहेका छन् :**

सेयरधनीको तर्फबाट

१. **श्री डमरु वलल्ब घिमिरे :**
श्री डमरु वलल्ब घिमिरेले हालका दिनमा संस्था व्यवस्थापन तथा सञ्चालनमा देखिएको चुस्त दुरुस्तता र संस्थाले कार्यक्रममा गरेको प्रगति प्रति खुशि व्यक्त गर्दै गत वर्ष दिईएको सुझाव अनुसार महिला सञ्चालक नियुक्त गरेकोमा धन्यवाद दिनु भयो । गतवर्षको चुक्ता पूँजीमा लाभांश विवरण गर्ने भएता पनि हकप्रद सेयर वापतको रकम चालु वर्षमा प्राप्त हुन आएकोले सो रकम चुक्ता पूँजीमा समावेश गरी लाभांश वितरण गर्नु परेकोमा यस वर्ष कम प्रतिफल प्राप्त भए पनि आगामी वर्ष दुई अंकमा लाभांश दिन सक्ने गरी व्यवसाय सञ्चालन गर्न सुझाव दिनुभयो । साथै हालसम्मको संस्थाको प्रगतिको बारेमा जानकारी गराईदिन समेत अनुरोध गर्नुभयो ।

२. **श्री उद्धव प्रसाद घिमिरे :**
श्री उद्धव प्रसाद घिमिरेले कोभिड-१९ को महामारीमा पनि संस्था सञ्चालन गरेर लाभांश वितरण गर्न सकेकोमा धन्यवाद दिदैं आगामी वर्ष अन्य संस्थाहरुको तुलनामा कमी नहुने गरी गर्नको लागि सुझाव दिनुभयो । नाफा नोक्सान हिसाबमा सम्भावित नोक्सानी व्यवस्था र सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता दुबै शीर्षकमा रकम देखाउन, प्रगतिलाई ग्राफमा देखाउने गरेकोमा ग्राफ संख्या बढाउन, जगेडाकोषमा रकम बढाउन र संस्थाको कारोवारको जानकारी गराउनका लागि साधारण सभा हुनु भन्दा अघिल्लो त्रैमासिक प्रगति विवरण समेत प्रतिवेदनमा समावेश गर्न सुझाव दिनुभयो ।

३. **श्री नरसिंह लाल चखुँ :**
श्री नरसिंह लाल चखुँले सन्देश मार्फत वार्षिक वित्तीय विवरण हेर्दा संस्था प्रगति तिर लम्की रहेको व्यहोरा उल्लेख गर्दै निस्कृय कर्जा व्यवस्थापनको लागि समयमै ध्यान दिन सुझाव दिनुभयो । साथै, नियामक निकायले औल्याएका कैफियत समय मै सुधार गर्नुपर्ने सुझाव दिनुहुदै कम्पनीको प्रगतिको समेत कामना गर्नु भयो ।

१२. **सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको जवाफ :**

छलफलको क्रममा सेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको जिज्ञासा, राय तथा अमूल्य सुझाव प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री सचिन जङ्ग रायमाझीज्यूले सराहना गर्दै आभार प्रकट गर्नुभयो । यस सिभिल लघुवित्त वित्तीय संस्थालाई निरन्तर रुपमा अघि बढाउन साधारण सभामा सेयरधनी महानुभावहरु तथा विज्ञबाट प्रस्तुत गर्नुभएको महत्वपूर्ण सुझाव र जिज्ञासाले संस्थालाई नयाँ गति प्राप्त हुने यथार्थलाई उल्लेख गर्दै सञ्चालक समिति सेयरधनीहरुको विश्वासलाई सार्थक बनाउन कटिबद्ध हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले साधारण सभामा उठाईएका जिज्ञासाहरुको सन्दर्भमा निम्नानुसार प्रत्यूत्तर प्रस्तुत गर्नु भयो ।

- कोभिडको कारण चौथो त्रयमासमा कारोवार न्यून हुन गएको, नियामक निकायको निर्देशन बमोजिम कोभिडको कारण ग्राहक सदस्यलाई ब्याजमा छुट दिनु परेको, हकप्रद सेयरलाई समेत लाभांश लेखाङ्कन गरेको र कर्जा सूचना केन्द्रको व्यवस्थाले गर्दा खर्च बढ्न गएको कारणहरुले गर्दा गत वर्ष भन्दा कम प्रतिफल हुन गएको हो ।
- लेखापरीक्षण प्रतिवेदन तयार गरी नियामक निकायबाट स्वीकृत प्राप्त हुन ढिलाई भएकोले साधारण सभा समयमै सम्पन्न गर्न विलम्ब भएको हो ।

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

- यस वित्तीय संस्थाले हालसम्म २९ ओटा जिल्लाहरुमा ५५ ओटा शाखा कार्यालय मार्फत करिब ४४ हजार सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै करिव रु. ५४ करोड बचत संकलन गरेको छ भने लगानीमा रहिरहेको कर्जा रकम रु. २ अर्ब ४ करोड रहेको छ।
- तथ्याङ्कलाई हेर्दा यसै गतिमा कार्यक्रम सञ्चालन निरन्तर भई कुनै किसिमको भवितव्य नभएमा लगानीकर्ताको अपेक्षा अनुसार संस्थाले आगामी दिनमा सेयरधनी महानुभावहरुलाई तुलनात्मकरुपमा राम्रो प्रतिफल दिन सकिने अवस्था रहेको छ।

अन्त्यमा, यस वित्तीय संस्थाको कारोबारमा अझ वृद्धि गरी सेयरधनीहरुलाई आकर्षक एवं उचित प्रतिफल दिन वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको र सेयरधनी महानुभावहरुको उपरोक्त सुझावहरुलाई आगामी दिनमा लागू गर्दै जाने प्रतिवद्धता सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले व्यक्त गर्नुभयो ।

१३. **सभाका निर्णयहरु :**

आजको सभामा सेयरधनी महानुभावहरुले दिनु भएका अमूल्य राय तथा सुझावलाई वित्तीय संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरी दिन अनुरोध गर्नु भयो र सोही बमोजिम अध्यक्षज्यूबाट प्रस्तुत देहायमा उल्लेखित प्रस्तावहरु उपस्थित सेयरधनी महानुभावहरुबाट ताली बजाई सर्वसम्मतले पारित/स्वीकृत भयो ।

(क) सामान्य प्रस्तावहरु :

निर्णय नं. १

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आ. व. २०७६/७७ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. २

लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तसम्मको वासलात, मिति २०७६/०४/०१ गते देखि २०७७ मसान्तसम्मको नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचिहरु सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ३

सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २३ करोड ३९ लाख ३३ हजार ७ सयको ०.१८४२१ प्रतिशतले हुन आउने नगद लाभांश रकम रु. ४ लाख ३० हजार ९ सय ३० र पैसा ५० मात्र (बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ४

वित्तीय संस्थाको सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ. व. २०७७/७८ को लागि श्री आर. के. एशोसियटस्, चार्टर्ड एकाउण्टेण्ट्सलाई लेखापरीक्षक नियुक्त गर्ने र निजलाई बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म परीक्षण र प्रमाणिकरण पारिश्रमिक स्वरुप कर बाहेक रु. १,२५,०००/- (अक्षरेपी एक लाख पच्चिस हजार मात्र) प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ५

समूह "क" का संस्थापक सेयरधनी श्री सिभिल बैक लिमिटेडको तर्फबाट सञ्चालकमा मनोनित भई प्रतिनिधित्व गर्नुहुने श्री सचिन जङ्ग रायमाझी, श्री सचिन नेवा र श्री आँचल ढकालको मनोनयन/नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

सर्वसाधारण सेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन कार्यक्रम अनुसार श्री सुनिता आचार्य सञ्चालकमा निर्विरोध निर्वाचित भएको व्यहोरा निर्वाचन अधिकृतबाट जानकारी भयो ।

(ख) **विशेष प्रस्ताव :**

निर्णय नं. १

सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २३ करोड ३९ लाख ३३ हजार ७ सयको ३.५ प्रतिशतले हुन आउने रकम रु. ८१ लाख ८७ हजार ६ सय ७९ र पैसा ५० बराबरको बोनस सेयर जारी गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. २

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा-६ (ख) र (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल भई सर्वसम्मतिले पारित गरियो । प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

प्रबन्धपत्रमा भएको संशोधन

दफा-६ लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना : लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने सेयर पूँजी रू. २४,२१,२१,३७९/५० (चौविस करोड एक्काइस लाख एक्काइस हजार तीन सय उनासी र पैसा पचास मात्र) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १०० का दरले २४,२१,२१३.७९५० (चौविस लाख एक्काइस हजार दुई सय तेह्र दशंलव सात नौ पाँच शून्य) थान साधारण सेयरमा विभाजन गरिएको छ ।

(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. २४,२१,२१,३७९/५० (चौविस करोड एक्काइस लाख एक्काइस हजार तीन सय उनासी र पैसा पचास मात्र) हुनेछ ।

१४. **धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

वित्तीय संस्थालाई प्रगतिको पथमा लैजान सहयोग गर्नुहुने सहकर्मी सञ्चालकहरु, सम्पूर्ण सेयरधनी महानुभावहरु, विभिन्न संघ/संस्था लगायत नियमनकारी निकायबाट पाल्नु हुने महानुभावहरु, साधारणसभा सम्पन्न गर्न सहयोग गर्नुहुने कानूनी सल्लाहकार, सेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड, कर्मचारीहरु तथा सम्बद्ध सबै पक्षलाई सभाका सभापतिज्यूले हार्दिक आभार व्यक्त गर्नु हुँदै साधारणसभा सफल बनाई दिनु भएकोमा हार्दिक धन्यवाद दिनुभयो ।

तत्पश्चात यस सभाका सभापतिज्यूले दिनको १:०० बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

.....
देवकर कार्की
कम्पनी सचिव

.....
सचिन जङ्ग रायमाझी
अध्यक्ष

मितिः २०७७ चैत्र ५ गते बिहीबार ।

सिभिल लघुवित्त वित्तीय संस्था लि.को

प्रबन्धपत्र संशोधन सम्बन्धी तीन महले विवरण

प्रबन्धपत्रमा संशोधनको प्रस्ताव :

दफा	हालको व्यवस्था	अब हुने नयाँ व्यवस्था	संशोधन गर्नु परेको कारण
दफा-६	**लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :** लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ: (ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने सेयर पूँजी रू. **२३,३९,३३,७००/- (तेइस करोड उनन्चालीस लाख तेत्तीस हजार सात सय मात्र)** हुनेछ। सो पूँजीलाई प्रति सेयर रु. १०० का दरले **२३,३९,३३७ (तेइस लाख उनन्चालीस हजार तीन सय सैंतीस)** थान साधारण सेयरमा विभाजन गरिएको छ। (ग) वित्तीय संस्थाको चुक्ता पूँजी **रू. २३,३९,३३,७००/- (तेइस करोड उनन्चालीस लाख तेत्तीस हजार सात सय मात्र)** हुनेछ।	**लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :** लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ: (ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने सेयर पूँजी रू. **२४,२१,२१,३७९/५० (चौविस करोड एक्काइस लाख एक्काइस हजार तीन सय उनासी र पैसा पचास मात्र)** हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १०० का दरले **२४,२१,२१३.७९५० (चौविस लाख एक्काइस हजार दुई सय तेह्र दशंलव सात नौ पाँच शून्य)** थान साधारण सेयरमा विभाजन गरिएको छ। (ग) वित्तीय संस्थाको चुक्ता पूँजी **रू. २४,२१,२१,३७९/५० (चौविस करोड एक्काइस लाख एक्काइस हजार तीन सय उनासी र पैसा पचास मात्र)** हुनेछ।	चुक्ता पूँजीको ३.५ प्रतिशतले हुने रु. ८१,८७,६७९/५० (एकासी लाख सतासी हजार छ सय उनासी र पैसा पचास) बराबरको बोनस सेयर जारी गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रस्ताव गरिएकोले ।